# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विदेह नगरपालिका
## धनुषा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विदेह नगरपालिका

## धनुषा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

विदेह नगरपालिका

धनुषा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

मधेश प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ९९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू, विदेह नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

तिनकौरिया, धनुषा ।

१. **कैफियत सहितको राय** — हामीले विदेह नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन्।

२.२. लेखापरीक्षणबाट रू.७ करोड ३३ लाख ८२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.६६ लाख ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड २३ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.१५ लाख ९८ हजार र पेश्की बाँकी रु.२८ लाख २९ हजार समेत रु.७ करोड ३३ लाख ८२ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.४६ करोड १४

लाख ५९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४९ करोड ९३ लाख १४ हजार रहेको छ। नगरपालिकाको बेरुजु वर्गिकरण, अद्यावधिक बेरुजु र सम्परीक्षण सम्बन्धी स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

## विदेह नगरपालिका,

## धनुषा

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ७८ | ७३३८२ | ० | ० | ० | ६९ | ७८ | ७३३८२ | ६६०८ | १५९८ | ६२३४७ | ० | ० | ६३९४५ | २८२९ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| विदेह नगरपालिका, धनुषा | ४६१४५९ | ० | ३५५२७ | ४२५९३२ | ० | ७३३८२ | ४९९३१४ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७४।७५ (गत विगत वर्षको) | ३३ | सामाजिक सुरक्षातर्फ विभिन्न वडाहरुको पेश्की फर्छ्यौट<br>वडा नं. सचिवको नाम रकम रु. | १५५८३००० |
| | | | वडा नं. १ श्री रामनरेश ठाकुर रु.२०७०००० | |
| | | | वडा नं. २ श्री भुला यादव रु.१५९३६०० | |
| | | | वडा नं. ३ श्री केवल दास रु.२११९६०० | |
| | | | वडा नं. ४ श्री हिराबहादुर यादव रु.१५१०२०० | |
| | | | वडा नं. ५ श्री गंगा दास रु.१८३४२०० | |
| | | | वडा नं. ६ श्री योगेन्द्र पासवान रु.१८७८२०० | |
| | | | वडा नं. ७ श्री राम किशोर यादव रु.१५८५४०० | |
| | | | वडा नं. ८ श्री रामकृपाल साह रु.१०२३२०० | |
| | | | वडा नं. ९ श्री रामानन्द ठाकुर रु.१९६८६०० | |

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा रु. | **१५५८३०००** | |
| २ | २०७५।७६ (गत विगत वर्षको) | ६५ (२) | सामाजिक सुरक्षातर्फ विभिन्न वडाहरुको पेश्की फर्छ्यौट<br>वडा नं. सचिवको नाम रकम रु. | १७२४१२०० |
| | | | वडा नं. १ श्री भुला यादव रु.२३८९४०० | |
| | | | वडा नं. २ श्री भुला यादव रु.१६१६८०० | |
| | | | वडा नं. ३ श्री सर्वजित पासवान रु.२६५६६०० | |
| | | | वडा नं. ४ श्री सत्यनारायण राय रु.१३३६८०० | |
| | | | वडा नं. ५ श्री गंगा दास रु.२०२४००० | |
| | | | वडा नं. ६ श्री योगेन्द्र पासवान रु.२०६२४०० | |
| | | | वडा नं. ७ श्री रामकिशोर यादव रु.१४८९६०० | |
| | | | वडा नं. ८ श्री रामकृपाल साह रु.११०७२०० | |
| | | | वडा नं. ९ श्री हिरा बहादुर यादव रु.२२५८४०० | |
| | | जम्मा रु. | **१७२४१२००** | |
| ३ | २०७५।७६ (गत विगत वर्षको) | ६५ (१) | कृषि अधिकृत श्री चन्देश्वर ठाकुर पेश्की फस्यौंट **रु.** | १३२८००० |
| | | जम्मा रु. | **१३२८०००** | |
| ४ | ०७८।७९ (गत वर्षको) | १३ | सामाजिक सुरक्षातर्फ विभिन्न वडाहरुको पेश्की फस्यौंट **रु.** | १३७५००० |
| | | | श्री सुनिल कुमार मणडल पेश्की फर्छ्यौट रु.६७५००० | |
| | | | श्री मनोज कुमार यादव पेश्की फर्छ्यौट रु.७००००० | |
| | | जम्मा रु. | **१३७५०००** | |
| **गत वर्ष तथा गत विगत वर्षको कूल जम्मा रु.** | | | | **३,५५,२७,२००** |

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा, क्षेत्रफल ४५.५१ वर्ग किलोमिटर, सभासद संख्या ४७ जना र जनसंख्या ३२२६६ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।१४ देखि २०८०।१०।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५२,८०९ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बिवरण | रकम रु. |
|---|---|---|
| १. | बढी निकासा | २६,४१० |
| २. | भ्याट असूली | २६,३९९ |
| **जम्मा** | | **५२,८०९** |

२ **स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम विदेह नगरपालिका, नगरकार्यपालिकाले पेश गरेको स्थानीय सरकारको आर्थिक वर्ष २०७९।८० को आय-व्यय विवरण समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| | आय विवरण | | | व्यय विवरण | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १ | गत बर्षको जिमेवारी | | ८८०६९५४७ | नगरपालिका चालु | | २९५२७१७२० |
| २ | नगद | | | नगरपालिका पूंजिगत | | ८६४००३५७ |
| | बैंक | ७९३६३२६३ | | सशर्त अनुदान चालु | १६६६६७३४० | |
| | प्रकोप व्यवस्थापन | २११६२७ | | सशर्त अनुदान पूंजिगत | १८३४७१७५ | |
| | विविध कोष | ६८४२०५ | | प्रदेश सरकार विशेष | ३०००००० | |
| | धरौटी मौज्दात | ७८१०४५३ | | प्रदेश सरकार समपुरक | | |
| ३ | राजश्व बाँडफाँड | | ८०६४४२७२ | प्रदेश सरकार समानिकरण | ३८६००६९ | |
| | संघिय सरकार | ६६७८२९५५ | | प्रदेश सरकार सशर्त | | |
| | प्रदेश सरकार | ५५६८३६९ | | प्रकोप व्यवस्थापन कोष | | १६८४४०४ |
| | आन्तरिक आय | ३९५७३०१ | | विविध कोष | | ३८०९४२ |
| | जग्गा रजिष्ट्रेशन दस्तुर | ४३३५६४८ | | धरौटी फिर्ता | | ३०८००४९ |
| ४ | समानिकरण अनुदान | | | | | |
| | संघिय सरकार | | ११३०३५००० | सामाजिक सुरक्षा भत्ता | | १३६०२७७८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रदेश सरकार | | ६५१३००० | सामाजिक सुरक्षा भत्ता | १३५९६०४९९ | |
| ५ | सशर्त अनुदान | | | सामाजिक सुरक्षा भत्ता फिर्ता | ६७२८२ | |
| | संघिय सरकार चालु | | १६६६६७३४० | | | |
| | संघिय सरकार पूजिगत | | १८३४७१७५ | बैंक मौज्दात | | ९५०१३२५९ |
| | प्रदेश सरकार | | | आन्तरिक राजश्व खाता | | |
| ६ | बिशेष अनुदान | | | संचित कोष खाता | ८५९४६५५४ | |
| | संघिय सरकार | | | चालु खाता | | |
| | प्रदेश सरकार | | ३०००००० | पुंजिगत खाता | | |
| ७ | समपुरक अनुदान | | | विविध खाता | २०५०८०५ | |
| | संघिय सरकार | | | प्रकोप व्यवस्थापन | १२७२५३ | |
| | प्रदेश सरकार | | | धरौटी खाता | ६८८८६४७ | |
| ८ | समाजिक सुरक्षा भत्ता | | १३६०२७७८१ | | | |
| ९ | धरौटी | | २१३६६४४ | | | |
| १० | विविध कोष | | १७४७५४३ | | | |
| ११ | प्रकोप व्यवस्थापन | | १६००००० | | | |
| १२ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | २३६०८००० | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | २३६०८००० |
| १३ | बैंक बढी देखिएको आय देखाइएको | | ७०२१० | | | |
| | **जम्मा** | | ६४१४६६५१२ | **जम्मा** | | ६४१४६६५१२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **जिम्मेवारी फरक-** स्थानीय संचित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको आ.व.२०७९।८० को वितिय प्रतिवेदन म.ले.प.फा.नं.२७२ को अनुसूचीमा संचित कोषमा गतवर्षको मौज्दात रु.८७७१५५८५ बांकी देखाएकोमा यो वर्ष रु.९०१८७६४७ जिम्मेवारी सारेको देखिएकोले रु.२४७२०६२ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको देखिन्छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | १६६६६७३४० | १६६६६७३४० | |
| | शसर्त पूंजिगत | १८३४७१७५ | १८३४७१७५ | |
| | विषेश पूंजिगत | ० | ० | |
| | समपुरक पूंजिगत | ० | ० | |
| | अन्य | | | |
| **प्रदेश सरकार** | शसर्त पूंजिगत | ० | ० | |
| | विषेश पूंजिगत | ३०००००० | ३०००००० | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **१८,८०,१४,५१५** | **१८,८०,१४,५१५** | |

पालिकाले माथि उल्लिखित तालिका अनुसार संघिय, प्रदेश अनुदान रु. १८,८०,१४,५१५ प्राप्त गरेकोमा खर्च रु. १८,८०,१४,५१५ भई रु. ० बांकी रहेकोमा मिति २०८०।३।२९ मा संघ र प्रदेश संचित कोष फिर्ता गरी निकासा र खर्च कायम गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **बिपद व्यवस्थापन खर्च-** विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ को दफा ८ अनुसार पालिकाले राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न हुनुपर्नेछ । मुचुल्का वा प्रतिवेदन समेतका आधारमा कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी विपद व्यवस्थापन समितिलेको निर्णयबमोजिम दिनुपर्ने उल्लेख गरेको छ । पालिकाले पालिका भित्रको विपद व्यवस्थापनको लागि सभा बाट १८११६५७।० बजेट विनियोज गरेको छ । विनियोजित बजेटबाट पालिकाले यस वर्ष कम्बल, दाउरा, चामल, तेल तथा तिरपाल खरिदमा रु १६८४४०४।० खर्च लेखेको देखिन्छ । पालिकाले यस वर्ष पालिकामा दर्ता तथा नविकरण नभएको चन्द्रिका फर्म वडा नं. ८ लाई हावाहरीले १२ लाख सम्मको क्षति पुर्याएको भनी मुजुल्का समेत तयार गरी समितिले निर्णय गरी बालुवा गिटि, कुखुराको चल्ला, दाना, इटा लगायतको विल राखी रु ५०००००।० भुक्तानी दिएको छ । पालिकाले यसरी राहत वितरण गर्दा स्वीकृत प्रचलित मापदण्ड बमोजिम प्रकृतिक प्रकोप जस्ता मानवलाई प्रतिकुल प्रभाव पार्ने प्राकृतिका एकैपटक धेरै क्षत्रमा फैलने र ठुलो समुदायलाई असर पर्ने अवस्थामा विपद व्यवस्थापन कोषबाट रकम दिनुपर्नेमा पालिकाले एउटा पालिकामा दर्ता नभएको निजी फर्मलाई क्षति भएको भनी रु ५ लाख राहत दिएको छ भने सो राहत रकमको जुन प्रयोजनलाई दिएको सोको सदुपयोग भए नभएको अनुगमन समेत गरेको पाइएन । पालिकाले यस्तो क्षतिपुर्ति दिने कार्यलाई नियन्त्रण गनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो उपर विश्वस्त हुन सक्ने अवस्था छैन्। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- जिन्सी निरीक्षण नगराएको,

- आन्तरीक लेखापरीक्षण नगराएको,

• रसिद नियन्त्रण खाता नराखेको र

• भ्रमण अभिलेख नराखेको ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.८३३२०५६२ राजस्व बाँडफाँड र अनुदानबाट रु.३८४२४९४८७ समेत जम्मा आम्दानी रु.४६७५७००४९ भएकोमा चालुतर्फ रु.२९५२७१७२० र पूँजिगततर्फ रु.८६४००३५७ र वित्तीय ब्यबस्थातर्फ रु.५१४५३९५ समेत रु.३८६८१७४७२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २१.५४ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.६९७८६८२ खर्च भएको छ जुन आन्तरिक आयको ८.३७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३ प्रतिशत चालु र १८.४७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन्। तसर्थ, कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **गैरसरकारी संस्थाबाट कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम कामको आवश्यकता किसिम समयावधि जनशक्तिको व्यवस्था आदिलाई ध्यानमा राखी कामको लागत अनुमान तयार गरी लागत अनुमान स्वीकृती गराइ गैरसरकारी संस्थाबाट रु.१० लाखसम्मको काम गराउन सकिने व्यवस्था छ। पालिकाले लागत अनुमान तयारी र स्वीकृत नगराइ प्रस्तावको आधारमा बजेटमा उल्लिखित रकमलाई नै आधार मानी कार्यक्रम सञ्चालन गर्न दिइ भुक्तानी गरेको देखियो। संस्थाले गरेको खर्चमा कर कट्टि गरी राखेको रकम दाखिला भएको प्रमाण वेगर नै भुक्तानी गरेको देखिएकोले रु.२८,४२,११३ लागत अनुमान स्वीकृती र कार्यक्रम को अनुगमन प्रतिवेदन पेश भएको नदेखिएकोले लागत अनुमान स्वीकृती र अनुगमन प्रतिवेद पेश गर्ने व्यवस्था हुनुपर्दछ।

| भौ. नं. र मिति | गैर सरकारी संस्थाको नाम र कार्य | भुक्तानी रकम | देखिएको व्यहोरा |
|---|---|---|---|
| ४११।०८०।३।२४ | आदर्श समाज पुर्स्थापन केन्द्र नेपाल छात्राहरुलाइ कम्प्युटर तालिम | ४९७५०० | अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ४१२।०८०।३।२४ | किरण पुर्स्थापन केन्द्र लाइ युवा जागरण अभियान वापत | ३००००० | अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ४१०।०८०।३।२४ | तराइ अपाङ्ग कल्याण संघ महोतरीलाइ आदीवासी जनजाती क्षमता अभिबृद्धि तालिम वापत | २९६००० | लागत अनुमान स्वीकृती र अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ४०८।०८०।३।२४ | नेपाल अपाङ्ग संघ महोतरी लाइ खानेपानी सरसफाइ तालिम वापत | २९८००० | लागत अनुमान स्वीकृती र अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ४०७।०८०।३।२४ | तराइ दलित उथान केन्द्र धनुषालाइ सुरक्षित आप्रवासन कार्यक्रम वाषत | ३४६६८४ | लागत अनुमान स्वीकृती र अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ४०६।०८०।३।२४ | ग्रामिण अपाङ्ग संघ जनकपुरलाइ बाल अधिकार अभिमुखिकरण तालिम | २९७५०० | लागत अनुमान स्वीकृती र अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ४०५।०८०।३।२४ | सृजनसिल समाज नेपाल धनुषालाइ वडा अध्यक्ष र पदाधिकारी क्षमता अभिबृद्धि तालिम वापत | ४०७७६५ | लागत अनुमान स्वीकृती र अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| ३५७।०८०।३।२० | अपन मिडिया प्रोडक्सन हाउस प्रा.ह्र धनुषा लाइ लागु औषध नियन्त्रण जनचेतना सडक नाटक वापत | ३९८६६४ | र अनुगमन प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| | **जम्मा** | २८,४२,११३ | |

सैद्धान्तिक बेरुजु

१० **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१८५८७४२२ यस वर्षको प्राप्ति रु.८०४७६९९२ यस वर्षको भुक्तानी रु.९८५९३६१५ बैङ्क मौज्दात रु.९१८७४० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ८७७१५५८५ | ३९४०७४९१२ | ३८१६७२०७७ | ९४०९४५१८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८८०६९५४७ | ५५३३९६९६५ | ५४६४५३२५४ | ९५०१३२५८ |
| **फरक** | **१८५८७४२२** | **८०४७६९९२** | **९८५९३६१५** | **९१८७४०** |

सैद्धान्तिक बेरुजु

११ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

१२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक

कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १३६०२७७८१ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु २३६०८००० समेत गरी रु १५९६३५७८१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

---

१३ **खाना तथा विविध खर्चः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. २९,९१,५२५ खर्च गरेको । यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

१४ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई आर्थिक सहायता रु. १०,००,००० वितरण गरेको पाइयो। यस्तो खर्चमा मापदण्ड तयार गरी समानता कायम हुने गरी आर्थिक सहायता वितरण गरी खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

| **क्र.सं.** | **भौ.नं. र मिति** | **विवरण** | **सहायता रु.** |
|---|---|---|---|
| १ | ४७।०७९।७।३ | मनोज ठाकुर इन्द्र पूजा | ५०००० |
| २ | ४७।०७९।७।३ | वडा नं ५मा विश्वकर्मा पूजा सखिचन यादव | २०००० |
| ३ | ४७।०७९।७।३ | वडा नं १ भैरव पूजा सुनिल कुमार पाण्डे | २५००० |

| | | | |
|---|---|---|---|
| ४ | ४७।०७९।७।३ | वडा नं १ छठ पुजा सरोज दास | २५००० |
| ५ | २३०।०७९।१२।१२ | वड नं ९ अल अमिन नेश्नल एकेडमी | ६०००० |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१५ **कानूनी सल्लाहकारः** मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७७ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव र कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहार भनि श्री सुवोधकुमार मण्डललाई मासिक रु ३५९९० दरले १२ महिनाको रु ४३१८८०र सल्लाहाकार श्री अरुणकुमार झालाई मासिक रु ३५९९० का दरले बार्षिक रु ४३१८८० गरी जम्मा रु ८६३७६० खर्च गरेको नियमित नदेखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ८,६३,७६० |

१६ **दरबन्दी तथा पदपूर्ति** – पालिकाको लागि संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत भएको दरबन्दी संरचना अनुसार विभिन्न पदमा १०१ जनाको दरबन्दी रहेकोमा ५४ पदपुर्ति भएको र ४७ जना रीक्त देखिएकोले पदहरु रिक्त देखिएकोले सम्बन्धित निकायबाट पदपूर्ति गर्नु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१७ **लागत सहभागिता —** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१८ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **कन्टिजेन्सी खर्चः-** यस पालिकाले हरेक योजनामा न्युनतम २ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति खर्च भयो भन्ने यकिन हुन सकेन । कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति खर्च भयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाईयो। कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **रकमान्तर**ः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाको बिनियोजन ऐन, २०७९ मा रकमान्तरको प्रावधान रहेको छैन । सभाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा (घटाउने रु. २ करोड ३२ लाख २५ हजार र बढाउने रु. २ करोड ७७ लाख २५ हजार) कुल रू. २ करोड ७७ लाख २५ हजार अर्थात् कुल बजेट रू. ५१ करोडको ५.४३ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकाभित्र २१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार

बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **जिन्सी निरीक्षणको प्रतिवेदन कार्यान्वयनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को नियम ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान तोकिएको अवधि भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। गत विगतको मौज्दात र यस बर्ष खरीद भएको सामग्रीको समेत कार्यालयमा कति मूल्यको सम्पत्ति रहेको छ यकिन हुन सकेन । पालिकाले सबै जिन्सी सम्पत्तिको सम्पत्ति व्यवस्थापन प्रणालीमा स्पेशिफिकेसन खुलाई अभिलेख अधावधिक गरी प्रतिवेदन अनुसार जिन्सी सामग्री तोकिएको अवधीभित्र मर्मत तथा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **करार कर्मचारी-** यस पालिकाले विभिन्न पदमा गत विगत वर्षहरु देखि करारमा कर्मचारी नियक्त गरी म्याद थप गर्दै आइरहेको देखियो ।पालिकाको लागि आवश्यक कर्मचारी दरबन्दी सम्बन्धी संगठन व्यवस्थापन तथा सर्भे गरी दरबन्दी एकिन गरी प्रतिस्पर्धाको माध्यमबाट कर्मचारी करारमा नियुक्त गरी सेवा लिनु पर्नेमा पालिकाको निर्णय अनुसार व्यक्तिगत पहुंचमा ठूलो संख्यामा नियक्त गरी करार सेवा शुल्कमा बजेट राखी यो वर्ष रु ७८९८००० खर्च गरेको देखियो। यसरी कर्मचारी नियुक्ती गरेको उपयुक्त देखिएन। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी एकिन गरी पदपूर्ति गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १७ र यो बर्ष थप भएको ६२ गरी कुल ७९ विवाद दर्ता भएकोमा १३ वटा फछ्र्यौट भई ६६ वटा मुद्दा फरफारक गर्न बांकी देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने,व्यवस्था छ । प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन

तयार गरी प्रतिवेदनमा उल्लेख भए अनुसार मालसमानको नियमानुसार मर्मत लिलाम विक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राखु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको देखिएकोले बैक हिसाव मिलान विवरण तयार गरी श्रेस्ता र बैंक बराबर देखाउनु पर्दछ ।

| **क्र.सं** | **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|---|
| १ | ग १.१ आन्तरिक राजस्व खाता | ० | ० | |
| २ | ग १..२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| ३ | ग १. ३ आन्तरीक अनुदान खाता | ० | ० | |
| ४ | ग १२.२ चालु खर्च खाता जोर वर्ष | ० | ० | |
| ५ | ग २.४ पुंजीगत खर्च खाता जोर वर्ष | ० | ० | |
| ६ | ग २.७ विविध खर्च खाता | २०५०८०५ | २०५०८०५ | |
| ७ | स्थानीय धरौटी खाता | ६८६७०१७ | ६८८८६४६ | २१६२९ |
| ८ | स्थानीय तह सञ्चित कोष खाता | ८५८९७९७३ | ८५९४६५५४ | ४८५८१ |

| | | | | |
|---|---|---|---|---|
| ९ | प्रकोप व्यवस्थापन | १२७२५३ | १२७२५३ | ० |
| | **जम्मा** | **९,४९,४३,०४८** | **९,५०,१३,२५८** | **७०,२१०** |

कार्यालयले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु. ९,४९,४३,०४८ बैंक अनुसार बांकी रु. ९,५०,१३,२५८ बैंक बढी रु. ७०,२१० देखिएकोले खाता अनुसारको बैंक हिसाव समायोजन विवरण तयार गरी श्रेस्ता र बैंक बराबर देखाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसार ११ व्यवसायीबाट रु. ४९,५४,७०० असुल गर्न बाँकी रहेका छन् ।

| **क्र.सं.** | **विवरण** | **०७९।८० मा प्राप्त हुनुपर्ने रु.** |
|---|---|---|
| १ | वडा नं. ५ लवकी पोखरी व्यवसायी श्री सुरजदेव गोहित | ५१०००० |
| २ | न.पा. ४ स्कुलवाला पोखरी व्यवसी जयशंकर खत्वे | ५००००० |
| ३ | न.पा. १ गोन्ही पोखरी व्यवसी आदित्य कुमार पासवान | ६१०००० |
| ४ | न.पा. ४ ओरली पोखरी व्यवसी सखावत कवारी | ५२५००० |
| ५ | वडा नं. १ सिमराही पोखरी व्यवसी श्याम सुन्दर दास | ६११७०० |
| ६ | वडा नं. ४ मैझाली पोखरी व्यवसी बलराम मिश्र | ६११००० |

| | | |
|---|---|---|
| ७ | वडा नं. १ गुलवा पोखरी व्यवसी प्रदिप कुमार महरान र विभा देवी यादव | ३५१००० |
| ८ | वडा नं. ४ जडकी पोखरी व्यवसी प्रदिप कुमार महरान र विभा देवी यादव | ८१५००० |
| ९ | वडा नं. ४ बबुवा पोखरी व्यवसी प्रदिप कुमार महरान र विभा देवी यादव | ३५५००० |
| १० | वडा नं. १ टावरवाला पोखरी व्यवसी सुअली पासवान | १६००० |
| ११ | वडा नं. ८ को महादेव मन्दिर दक्षिणको पोखरी व्यवसी रामचन्द्र मण्डल | ५०००० |
| | **जम्मा** | **४९,५४,७००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५४,७०० |

२९ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.५४ करोड ४४ लाख ४८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **पेश्की बांकी** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायी लाई सम्झौता अनुसार सम्झौता रकमको जमानत लिई २० % सम्म पेश्की दिन सकिने र म्यादभित्र फस्यौंट गर्नुपर्ने व्यवस्था छ। दिइएको रकम तोकिएको म्यादभित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले पेश फस्यौंट गर्न बाँकी विवरण अनुसार रु. २८,३९,५०० पेश्की बांकी देखाएको छ। सो मध्ये म्याद नाघेको रु. २८,२९,५०० रहेकोले फस्यौंट गर्न बाँकी पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| भौ नं. र मिति | कर्मचारी /व्यवसायीको नाम | कामको बिबरण | म्याद ननाघेको | म्याद नाघेको | जम्मा रकम |
|---|---|---|---|---|---|
| ०७९।८।८ | श्री रामसुनदर शाह | बैठक भता | | ३५००० | ३५००० |
| ०८०।१।२९ | श्री सन्तोष कुमार यादव | शिक्षक तालिम | | ५००००० | ५००००० |
| | श्री रामसुनदर शाह | | | ५०००० | ५०००० |
| | श्री रामसुनदर शाह | प्रजनन स्वास्थ्य | | १६०००० | १६०००० |
| | श्री रामसुनदर शाह | | | १५०००० | १५०००० |
| | श्री रामसुनदर शाह | व्यवस्थापन खर्च | | २४०००० | २४०००० |
| | श्री रामसुनदर शाह | स्वास्थय अभिमुखिकरण | | १३०००० | १३०००० |
| | श्री रामसुनदर शाह | अर्ध वार्षिक समिक्षा | | १००००० | १००००० |
| | श्री रामसुनदर शाह | प्रजनन स्वास्थ्य | | ३००००० | ३००००० |
| | श्री राकेश कुमार यादव | | | १५०४०० | १५०४०० |
| | श्री सन्तोष कुमार यादव | | | ३४२१०० | ३४२१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री रामसुनदर शाह | मातृशिशु कार्यक्रम | | १००००० | १००००० |
| | श्री रामसुनदर शाह | | | २५६०० | २५६०० |
| | श्री रामसुनदर शाह | पोषण कार्यक्रम | | ८६४०० | ८६४०० |
| | श्री रामसुनदर शाह | | | ११०००० | ११०००० |
| | नेपाल विद्त प्राधिकरण | | | ५०००० | ५०००० |
| | विष्णु महायज्ञ वडा नं. १ | | | २५०००० | २५०००० |
| | विष्णु महायज्ञ वडा नं. १ | | | ५०००० | ५०००० |
| | **जम्मा** | | | **२८२९५००** | **२८२९५००** |

| | |
|---|---|
| पेश्की | २८,२९,५०० |

## ३१ धरौटीतर्फ

३१.१ **धरौटी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखीएको हो सो काम पुरा भई प्रचलित कानुन बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा जिम्मेवार व्यक्तिले प्रचलित कानुन वा करारको शर्तनामामा म्याद तोकिएकोमा सोही म्यादभित्र र म्याद नतोकिएको भएमा तिस दिनभित्र निर्णय गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाको पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार गत वर्षको १७६ जना व्यक्ति तथा फर्मको जिम्मेवारी रु ७८१०४५३।० यस वर्षको आय रु २१३६६४३।७५ समेत जम्मा रु ९९४७०९६।७५ रहेकोमा यो वर्ष प्रकृया पुरा भएको फर्मको रु ३०८००४२।० फिर्ता गरी असार मसान्तमा रु ६८८८६४६।७५ मौज्दात रहेको छ। पालिकाले गत विगतको प्रयोजन नखुलेको तथा म्याद समाप्त भएको धरौटी यकिन गरी नियमावलीको तोकिएको नियम प्रयोग गरी राजस्व खातामा जम्मा गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३१.२ **मूल्य अभिवृद्धि कर समायोजन वेगर धरौटी फिर्ताः** आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ७६ मा धरौटी रकम फिर्ता गर्दा फर्मको धरौटी फिर्ताको निवेदनका साथमा कामको कार्यसम्पन्न प्रतिवेदन, कर चुक्ताको प्रमाण पत्र र मू.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने ततपश्चात मात्र धरौटी फिर्ता दिनुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसार निर्माण व्यवसायी एव आपुर्तकलाई धरौटी फिर्ता दिएकोमा सम्वन्धित आर्थिक वर्षको मुल्य अभिवद्धि कर समायोजन वेगर धरौटी फिर्ता दिएको पाईएकोले सो समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. र मिति | फर्म | विजक नं. | मिति | रकम | मू.अ.कर |
|---|---|---|---|---|---|
| ३।०७९।८।१६ | रेड डाइमण्ड | २ | ०७७।३।१७ | २८७४०३ | ३३०६४ |
| ३।०७९।८।१६ | रेड डाइमण्ड | २७(हातले लेखेको) | २०७८।३।१४ | ४८०७८६ | ५५३११ |
| ४।०७९।८।२९ | एन एन निर्माण सेवा | ७ | ०७८।३।१८ | ४८७५४० | ५६०८८ |
| | | | | **जम्मा** | **१४४४६३** |

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,४४,४६३ |

३२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| मालपोत /भूमिकर | २५०००० | ३३४३५८ | १३३ |
| घर वहाल कर | २००००० | ३१४९६८ | १५७ |

| | | | |
|---|---|---|---|
| घर जग्गा रजिष्टेशन दस्तुर | २५००००० | ४३३५६४७ | १७३ |
| बांडफांड प्राप्त मुल्य अभिभबृद्धिकर | ४४०४८००० | ४८५४२९२७ | ११० |
| बांडफांड प्राप्त अन्त शुल्क | ४४०४८००० | १८२४००२६ | ४१ |
| बांडफांड प्राप्त हुने सवारी साधन कर | ४५००००० | ५५६८३६९ | १२३ |
| नहर तथा कुलो उपयोग शुल्क | ६०००००० | ६६०००० | ११ |
| परीक्षा शुल्क | ५०००० | ३८३०० | ७६ |
| नक्सा पास दस्तुर | २००००० | ३७०० | १८.५ |
| सिफारीस दस्तुर | ३००००० | २८९२६६ | ९६ |
| व्यक्तिगत घटना दस्तुर | २००००० | १६८६०० | ८४ |
| नाता प्रमाणित दस्तुर | ५०००० | २०९०० | ४१.८ |
| व्यवसाय रजिष्टेशन दस्तुर | १००००० | ७०००० | ७० |
| अन्य राजस्व | १००००० | २००६५०८ | २००६ |
| व्यवसाय कर | ५०००० | ५१५०० | १०३ |
| **जम्मा** | **१०,२५,९६,०००** | **८,०६,४४,२७२** | |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरि करको दायारामा ल्याउनु पर्दछ । आय अनुमान यथार्थको नजिक हुने गरी राखु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **धरौटी** - आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयमा प्राप्त भइ खर्च भएर बांकी धरौटी रकम स्रेस्ता खडा गरी अध्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु. ७८,१०,४५३ यस वर्षको आय रु. २१,३६,६४३ जम्मा रु. ९९,४७,०९६ मा फिर्ता खर्च रु. ३०,८०,०४९ गरी रु. ६८,६७,०१७ मौज्दात रहेकोमा बैकमा रु. ६८,८८,६४६ रहेको बैंक स्टेटमेन्टले देखाएकोले बैंक बढी रु. २१,६२९ धरौटी आय देखाइ हिसाव दुरुस्त राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २,५८,९३६ समेत रु. २२,६८,२४२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो। यसरी उक्त कारोवार रकमको कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने देखिन्छ।

| भौ.नं.र मिति चालुतर्फ | आपूर्तकको नाम | प्यान नम्वर | भुक्तानी रु. | मु.अ.कर रु. | नन्फाइलर |
|---|---|---|---|---|---|
| ४०७।०८०।३।२४ | तराइ दलित उथान केन्द्र धनुषा | ३०३४४६४९९ | ३३४६८४ | ३९८८४ | २०७९ देखि मुल्य अभिबृद्धि कर नन्फाइलर र ०७९।८० को कर नन्फाइलर देखिएको । |
| २९५।०८०।२।२५ | प्रमित फार्मेसी जनकपुर | १२१९९८२२२ | ३५८८६५ | ४१२८५ | २०७९ देखि मुल्य अभिबृद्धि कर नन्फाइलर र ०७९।८० को कर नन्फाइलर देखिएको । |
| ३६४।०८०।३।२० | जय दुर्गा अफसेट जनकपुर | ६०६४३९१३२ | ३९६६३० | ४५६९० | ०७९।८० आय कर नन्फाइलर र ०८० देखि मु.अ.कर नन्फाइलर देखिएको । |
| ३८१।०८०।३।२२ | जानकी डेकोर्स एण्ड अडर सप्लायर्स जनकपुर | ६०९३६९८४५ | ४९३१४३ | ५६७३३ | ०७९।८० आय कर नन्फाइलर देखिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२।०७९।७।३ | जानकी डेकोर्स एण्ड अडर सप्लायर्स जनकपुर | ६०९३६९८४५ | ६५४९२० | ७५३४४ | ०७९।८० आय कर नन्फाइलर देखिएको । |
| **जम्मा** | | | २२,६८,२४२ | २,५८,९३६ | |

सैद्धान्तिक बेरुजु

३५ **अवलोकन भ्रमण**- आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई चेक जांच गरी ठिक दुरुषत देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौ नं २२१ मिति ०७९।१२।२४ कर्मचारी पदाधिकारी अवलोकन भ्रमण खर्च रु २००००० लागत अनुमान स्वीकृती नभएको भ्रमण आदेश स्वीकृती नभएको कर्मचारी पदाधिकारीको नाम नतोकीएको भ्रमण गर्ने स्थान उल्लेख नभएको देखिएकोले यस्तो खर्चलाइ नियमसंगत मान्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३६ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८,६४,००,३५७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ९ वडाको लागि वडास्तरीय ४४ र पालिकास्तरका ७१ गरी कुल ११५ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७१ | ० | ५८ | १३ |
| २. | वडास्तरीय | ४४ | ० | २७ | १७ |
| | जम्मा | ११५ | ० | ८५ | ३० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

सैद्धान्तिक बेरुजु

३८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्चप्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६०९१००० | १०९०१९४८ | ६७.७५ |
| २ | पूर्वाधार विकास | १२६०००००० | ४७४३३६७७ | ३७.३५ |
| ३ | सामाजिक विकास | २३५८३२००० | १९६७५७१३७ | ८३.४३ |

| | | | | |
|---|---|---|---|---|
| ५ | सुशासन र अन्तर सम्बन्धित क्षेत्र | ५१३७५००० | ४३२९६४८४ | ८४.२८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११५१५०००० | ८३२८२७३० | ७२.३३ |
| **जम्मा** | | | | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन र अन्तर सम्बन्धित क्षेत्र सबैभन्दा बढी ८४.२८ % प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ३७.३५ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३९ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय व्यय अनुमान रु. १०,२५,९६,००० .गरेकोमा वास्तविक आय रु. ८,०६,४४,२७२ भएको छ । आय अनुमानको तुलनामा बास्तविक आय २१.४० % घटी देखिएकोले अनुमान यथार्थको नजिक पुग्न सकेको देखिएन । २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ३८,१९,७१,९७७ | ३९,५७,३०० | १.०३ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०३ % प्रतिशतमात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४० **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन,२०४९, स्वास्थ्य ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई चालुतर्फ कर्मचारीको रु ८८५१००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

४१ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२४ मा प्राविधिक पुष्ट्याई सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न अनुसार विद्यालयमा मर्मत सम्भारको अनुदानको लागि रकम निकासा भएको रु. ७७,९८,४७४ निकासा गरेकोमा सोको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । अतः उक्त निकासा रकमको पुष्टयाई सहितको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| **विद्यालय** | **विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| श्री जनता मा.वि., गिद्दा बेलापट्टि | मर्मत सम्भारको अनुदान | ४,९९,९७८ | |
| श्री शंकर जनता मा.वि., दुहबी गोबराही | मर्मत सम्भारको अनुदान | २९,९९,९५४ | |
| श्री सहदेव प्रा.वि., कर्माही | मर्मत सम्भारको अनुदान | ९,९९,०५१ | |
| श्री रा.प्रा.वि., चिकना | मर्मत सम्भारको अनुदान | ९,९९,४९१ | |
| श्री सरस्वती प्रा.वि., झिझा | मर्मत सम्भारको अनुदान | ११,००,००० | |
| श्री जनता रा.प्रा.वि., एकराही | मर्मत सम्भारको अनुदान | ४,००,००० | |
| श्री मा.वि., ठाढी | मर्मत सम्भारको अनुदान | ८,००,००० | |
| जम्मा | | ७७,९८,४७४ | |

| | प्रमाण पेश नगरेको | ७७,९८,४७४ |
|---|---|---|

४२ **ल्याब टेष्टको बील पेश नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको ल्याब टेष्ट गराएर निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका उपभोक्ता समितिको ल्याब टेष्ट गरेको

भुक्तानी भएको रु. १९,५०० देखिएकोमा उक्त ल्याब टेष्टको बील पेश नभएको रकम असूल गर्नुपर्ने देखिएको रु.

| भौ. नं. र मिति | विवरण | ल्याब टेष्टको बील रु. | कैफियत |
|---|---|---|---|
| १०२।०८०।३।२४ | गिद्दा टोलमा हनुमान मन्दिर निर्माण उ.स. | ५,००० | ल्याब टेष्टको बील पेश नभएको । |
| १०८।०८०।३।२४ | सहनी टोलमा सार्वजनिक ढलान निर्माण उ.स. | ५,००० | ल्याब टेष्टको बील पेश नभएको । |
| १०९।०८०।३।२४ | नागे बिराजी घरदेखि पूर्व देवनारायण दास घरसम्म पी.सी.सी. ढलान | ४,५०० | ल्याब टेष्टको बील पेश नभएको । |
| ११०।०८०।३।२४ | गिद्दा गाउँमा रहेको इदगाहमा अधुरो घेराबेरा पूरा गर्ने | ५,००० | ल्याब टेष्टको बील पेश नभएको । |
| **जम्मा** | | **१९,५००** | |
| | | असुल गर्नुपर्ने | १९,५०० |

४३ (४-२०८०-२-३२):

**मूल्य अभिवृद्धि कर कट्टी गर्नुपर्ने –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. २,६९,७८७.३३ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| भुक्तानी पाउनेको नाम | भुक्तानी रु. | मु.अ.कर रु. | ३० % ले हुने रु. |
|---|---|---|---|
| महालक्ष्मी पाण्डे एण्ड कम्पनी जे.भी. | ६९,१७,६२३.७० | ८,९९,२९१.०८ | २,६९,७८७.३३ |

तसर्थ, उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६९,७८७.३३ |

४४ **मोबिलाइजेशन पेश्की:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम पेश्की लिने कर्मचारी, पदाधिकारी वा संस्थाले तोकिएको म्यादभित्र पेश्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निम्न ठेकेदारले तोकिएको कामको लागि पेश्की लिई रु. १,८०,५०,००० को मोबिलाइजेशन पेश्की फस्यौंट हुनु पर्दछ।

| क्र.सं. | ठे.नं. | योजनाको नाम | फर्म | विवरण | अवधि भएको | हुनुपर्ने अवधि | रकम |
|---|---|---|---|---|---|---|---|
| १. | ०२।०७ ७।०७८ | १५ सैय्या अस्पताल निर्माण | महालक्ष्मी पाण्डे एण्ड कम्पनी जे.भी. | २ महिना १५ दिनको घटि म्याद | २०८०।१२।३० | २०८१।३।१५ | १,११,००,००० |
| २. | ०२।०७ ७।०७८ | १५ सैय्या अस्पताल निर्माण | महालक्ष्मी पाण्डे एण्ड कम्पनी जे.भी. | १ महिना २१ दिनको घटि म्याद | २०८१।१।२४ | २०८१।३।१५ | ६९,५०,००० |
| जम्मा | | | | | | | १,८०,५०,००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२४ मा प्राविधिक पुष्ट्याई सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि रकम निकासा गरी खाता रोक्का भएको रु. ८०,५०,००० निकासा गरेकोमा सोको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । अतः उक्त निकासा रकमको पुष्टयाई सहितको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| **विद्यालय** | **विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| श्री माध्यमिक विद्यालय, ठाढी | ४ कोठे भवन निर्माण | ४५,००,००० | राष्ट्रपति शैक्षिक |
| श्री सरस्वती प्राथमिक विद्यालय, झिझा | २ कोठे भवन निर्माण | २२,५०,००० | |

| | | | |
|---|---|---|---|
| श्री शिवशंकर जनता माध्यमिक विद्यालय, इटहर्वा | आई.सि.टी. ल्याब व्यवस्थापन | ६,५०,००० | सुधार कार्यक्रम |
| श्री शंकर जनता माध्यमिक विद्यालय, दुहवी गोबराही | आई.सि.टी. ल्याब व्यवस्थापन | ६,५०,००० | |
| **जम्मा** | | **८०,५०,०००** | |
| | प्रमाण पेश नगरेको | ८०,५०,००० | |

४६ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको रु. ३,९०,७५,००० को कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रु.

| **क्र.सं.** | **ठे.नं.** | **योजनाको नाम** | **फर्म** | **कार्य सम्पादन जमानतको विवरण** | **अवधि भएको** | **हुनुपर्ने अवधि** | **रकम रु.** |
|---|---|---|---|---|---|---|---|
| पालिका पूँजीगत | | | | | | | |
| १ | ०१।०७९।०८० | पालिकाभित्र सोलार लाइट जडान | जे.वि. इन्टरप्राइजेज | १ महिना ४ दिनको घटि म्याद | २०८०।१०।१४ | २०८०।११।१८ | २,६५,००० |
| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | | | | | | |
| १. | ०२।०७७।०७८ | १५ सैय्या अस्पताल निर्माण | महालक्ष्मी पाण्डे एण्ड कम्पनी जे.भी. | ६ महिना ३ दिनको घटि म्याद | २०८१।१०।१७ | २०८२।४।२० | ३,८८,१०,००० |

| जम्मा | ३,९०,७५,००० |
| --- | --- |

| | प्रमाण पेश नगरेको | ३,९०,७५,००० |
| --- | --- | --- |

४७ **वडा राजस्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ९ वडाहरुको राजस्व असुली परीक्षण गर्दा कम असुली भएको पाइयो । वडाहरुले घरबाटो सिफारिस, जन्म सिफारिस, वार्षिक आम्दानी सिफारिस लगायतका दस्तुरहरुमा निशुल्क गरेको वडाहरुको भनाई रहेको छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार सेवा शुल्क लिई आन्तरिक आम्दानी बढाउनेतर्फ वडा तथा पालिकाले ध्यान दिनुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
| --- | --- |

४८ **आयको प्रक्षेपण तथा प्राप्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाँउपालिका तथा नगरपालिका वित्तिय अधिकारक्षेत्रको वित्तिय अधिकारक्षेत्रको व्यवस्था गरिएको छ। उक्त परिच्छेद अन्तरगत दफा ५४ देखि ६८ सम्म व्यवस्था हरुको कार्यान्वयन गर्दै स्थानीय तहहरुले आफ्नो आन्तरिक आय संकलन गर्न सक्ने व्यवस्था अनुरुप पालिका आफैले संकलन गर्ने आय शिर्षकहरुवाट रु. १००००००० ।० प्राप्त गर्ने प्रक्षेपण गरेकोमा वडा, पालिका पोखरी ठेक्का लगायतमा गरी रु. ३९५७३०० ।९६ असुली गरेको विवरण पेश गरेको छ। नगरसभावाट पारित अनुमानको तुलनामा ३९.५७ प्रतिशत आय संकलन भई अनुमान भन्दा ६०.४२ प्रतिशत घटि आय प्राप्त भएको देखिन्छ। वित्तीय आत्मनिर्भरता र पालिकाको समग्र विकासको दीर्घकालिन श्रोत व्यवस्थापनको लागि आन्तरिक आयको असुली तथा संकलन को दायरालाई बढाउदै आयको अनुमानलाई यथार्थपरक वनाउनु पर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
| --- | --- |

४९ **व्यवासय दर्ता तथा नवीकरण शुल्क-** पालिकाको **घ** वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ११ वटा व्यवसायीक दर्ता तथा ८ वटा व्यवसायीक नविकरण गरी आन्तरिक आम्दानी प्राप्त गरेको छ । पालिकाले पालिकाभित्र रहेका इटाभट्टा लगायत अन्य व्यावसायीलाई समेत करको दायरामा ल्याई आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान जानुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
| --- | --- |

५० **राजश्वमा ढिला अवधिको जरिबानाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद रकम सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० प्रतिशत जरीबाना गरी दाखिला गर्न लगाउने तथा कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. २०७९।०८० मा प्राप्त गरेको राजश्व १ महिनादेखि वर्षमा १ पटक मात्र दाखिला गरेको देखिन्छ। कार्यालयले ऐनको प्रयोग गरी ढिला दाखिला गर्ने कर्मचारीलाई कारवाहीको दायरामा ल्याउनुपर्दछ ।

| **क्र.स.** | **कर संकलकको नाम** | **वडा नं.** | **राजश्व रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | राम एकवाल मण्डल | पालिकातर्फ | ८४२९६७ | बर्षमा ६ पटक मात्र दाखिला |
| २ | भुला यादव | १ | १०३२९५ | बर्षमा २ पटक मात्र दाखिला |
| ३ | सत्यनारायण | २ र ३ | ३४०७९७ | बर्षमा ५ पटक मात्र दाखिला |
| ४ | भुला यादव | ४ | ५६२५२ | बर्षमा २ पटक मात्र दाखिला |
| ५ | गंगा दास | ५ | १४८४६८ | बर्षमा २ पटक मात्र दाखिला |
| ६ | राम एकवाल मण्डल | ६ | ३०४८६४ | बर्षमा ७ पटक मात्र दाखिला |
| ७ | राम किशोर यादव | ७ | १९९६८१ | बर्षमा १ पटक अन्तमा मात्र दाखिला |
| ८ | राम कृपाल साह | ८ | १३३६१९ | बर्षमा २ पटक मात्र दाखिला |
| ९ | हिरा बहादुर यादव | ९ | १३५७१२ | बर्षमा २ पटक मात्र दाखिला |

सैद्धान्तिक बेरुजु

५१ **शिक्षातर्फ**

५१.१ **व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलाप ९.१२ मा नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान शैक्षिक सुधार हुने क्रियाकलाप

निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयलाई पेश गर्न लगाउने र यस आ.व.मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी रु ३० लाख देखि ५० लाख सम्म अनुदान उपलब्ध गराउन सक्ने उल्लेख छ । पालिकाले जनता नमूना मा.वि. गिद्धा बेलापट्टीलाईन नमूना विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान मध्ये नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान निकासा बापत रु. ३००००००।०० गो.भौ.नं. १०४।२०८०।०३।१७ बाट विनियोजन गरेकोमा सोको सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति तथा कार्यसम्पादन भएको प्रमाण श्रेस्ता साथ पेश भएन अत : सो को प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

५१.२ **विद्यालयगत निकासा खाताः** विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१.३ **विद्यालय व्यवस्थापन समितिको गठनः** शिक्षा ऐन, २०२८ (नवौं संशोधन)को दफा १२ मा विद्यालय व्यवस्थापन समितिको गठन तथा दफा १२(६) मा उक्त समितिको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरेको छ। पालिकाका निम्न विद्यालयमा यस वर्ष विद्यालय व्यवस्थापन समिति गठन भएको छैन। जसले विद्यालय व्यवस्थापन समितिको निर्णय वेगर खर्च गरिरहेको देखिन्छ । विद्यालयले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रक्रियामा पालिकासँग समन्वय गरी पहल गर्नुपर्ने तथा पालिकाले समेत समन्वय गरी गठन प्रक्रियालाई टुङ्ग्याउनुपर्दछ ।

| **विद्यालयको नाम र ठेगाना** |
|---|
| श्री शंकर जनता मा.वि. दुहबी गोबराही |
| श्री सरस्वती मा.वि. बफै |

| |
|---|
| श्री माध्यमिक विद्यालय ठाढी |
| श्री सहदेव रा.प्रा.वि. कर्माही |
| श्री राष्ट्रिय प्रा.वि. चिकना |
| श्री राष्ट्रिय प्रा.वि. मुडिबा |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१.४ **छात्रवृत्ति :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलाप नं ७.२.१.१ मा छात्रावृत्ति रकम उपलब्ध गराउँदा विद्यालयको मागका आधारमा तेश्रो त्रैमासिकमा विद्यालयहरुलाई अनुदान दिने तथा विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १३ विद्यालयहरुमा भौ.नं. १३० मिति २०८०।०३।२२ बाट रु. २१५६४००।०० निकासा गरेको छ । कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्राप्त भएको रकम शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र वितरण गरी सोको वितरण भरपाई पालिकामा पेश गर्नुपर्नेमा पेश गरेको नपाइएकोले सोको वितरण भरपाई पेश गर्नुपर्ने रु.

| **क्र.स.** | **विद्यालय** | **छात्रवृत्ति रकम** |
|---|---|---|
| १ | श्री जनता नमूना मा.वि. गिद्धा बेलापट्टी | ८०२००० |
| २ | श्री शंकर जनता मा.वि. दुहबी गोबराही | १९७६०० |
| ३ | श्री सरस्वती मा.वि. बफै | १९२००० |
| ४ | श्री माध्यमिक विद्यालय ठाढी | २३६४०० |
| ५ | श्री शिवशंकर जनता मा .वि. इटहर्वा | १६५६०० |
| ६ | श्री भगवती आ. विद्यालय योगियाडा | १०१२०० |

| | | |
|---|---|---|
| ७ | श्री सहदेव रा.प्रा.वि. कर्माही | ८२००० |
| ८ | श्री राष्ट्रिय प्रा.वि. चिकना | ३२००० |
| ९ | श्री राष्ट्रिय प्रा.वि. मुडिबा | ५२४०० |
| १० | श्री राष्ट्रिय प्रा.वि. बैदेही | ९८८०० |
| ११ | श्री सरस्वती प्रा.वि. झिझा | ५२००० |
| १२ | श्री राष्ट्रिय प्रा.वि. झिझा | ४८८०० |
| १३ | श्री जनता प्रा.वि. एकराही | ९५६०० |
| **जम्मा** | | **२१५६४००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,५६,४०० |

५१.५ **दिवा खाजाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलापन २.७.११.१ मा दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा तथा व्यवस्थापन विधिको छनौट गरी खाजा मापदण्ड बमोजिमको हुनेगरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा आमा समूह बनाई वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउनुपर्ने तथा सो अनुसार विद्यालयले दिवा खाजा खुवाए नखुवाएको स्थानीय तहबाट निरीक्षण अनुगमन गर्नुपर्ने तथा अनुगमन निरीक्षणबाट देखिएको व्यहोरा अनुगमन निरीक्षण पुस्तिका खडा गरी राय सुझाव समेत दिनुपर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष दिवा खाजामा १३ विद्यालयका कक्षा १ देखि ६ सम्मका विद्यार्थी संख्या अनुसार साउन देखि असोज सम्म ४० दिनको गो.भौ.नं. २०।२०७९।०७।२७ बाट रु. २५६५३९०।०० र कार्तिक देखि असारसम्म १०० दिनको गो.भौ.नं. १३६।२०८०।०३।२४ बाट रु.९७४३५०५।०० गरी जम्मा १४० दिनको रु १२३०८८९५।०० खर्च लेखेको छ । पालिकाबाट विद्यालयले कार्यान्वयन पुस्तिका अनुसार खाजा खुवाए नखुवाएको निरीक्षण अनुगमन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१.६ **स्यानिटरी प्याड :** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २३०८ जना रहेका छन। पालिकाले आदित्य इन्टरनेशनलबाट बाट २८४५२ थान स्यानिटरी प्याड रु. २००९४२३ (मु.अ.कर समेत) मा बोलपत्र आव्हान गरी खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि पालिकाभित्र रहेका १३ सामुदायिक विद्यालयहरुलाइ २८४५२ थान वितरण गरेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.७ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. गिद्धा बेलापट्टी | ३३ | ३३ | १८ | ४६४४ |
| २ | श्री शंकर जनता मा.वि. दुहबी गोबराही | २४ | २४ | ५ | १२६१ |
| ३ | श्री सरस्वती मा.वि. बफै | १६ | १५ | ३ | ९४८ |
| ४ | श्री माध्यमिक विद्यालय ठाढी | १४ | १४ | ४ | ११३० |
| ५ | श्री शिवशंकर जनता मा .वि. इटहर्वा | ७ | ९ | ७ | ९७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | श्री भगवती आ. विद्यालय योगियाडा | ८ | ९ | ६ | ४८६ |
| ७ | श्री सहदेव रा.प्रा.वि. कर्माही | ६ | ५ | १ | ३०३ |
| ८ | श्री राष्ट्रिय प्रा.वि. चिकना | ५ | ४ | २ | १२४ |
| ९ | श्री राष्ट्रिय प्रा.वि. मुडिबा | ५ | ५ | २ | २८० |
| १० | श्री राष्ट्रिय प्रा.वि. बैदेही | ५ | ३ | १ | ३४९ |
| ११ | श्री सरस्वती प्रा.वि. झिझा | ३ | ३ | ३ | २४४ |
| १२ | श्री राष्ट्रिय प्रा.वि. झिझा | ५ | ५ | ४ | १५८ |
| १३ | श्री जनता प्रा.वि. एकराही | ९ | ९ | ६ | ३०४ |

पालिका भित्रका १३ विद्यालय रहेकोमा केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी तथा मितव्ययी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१.८ **नेट जडानः** पालिका अन्तर्गतका १३ विद्यालयहरुलाई निःशुल्क नेट जडान कार्यको लागि प्रति विद्यालय रु.१२०००.० का दरले रु.१५६०००.० निकासा दिएको देखियो। विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा विद्यालयले नेट सञ्चालन भए नभएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। तर सो सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले विद्यालयमा अनुगमन गरी अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५६,००० |

५२ **प्रविधि हस्तान्तरण :** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा

४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्तालेे कबोल गरेको अङ्कको बिस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले गो.भौ. नं. १३५।२०८०।०३।२३ बाट रु. ३८८३००।०० बराबरको देहाय बमोजिमको प्रविधि हस्तान्तरणको सामाग्री निल निसब जेनरल अर्डर सप्लायर्सबाट खरिद गरी दाखिला गरेर लाभग्राहीलाइ वितरण गर्नुपर्नेमा वितरण नगरी पालिकाको स्टोर शाखामा राखेको छ । यथाशिघ्र उक्त सामाग्री वितरण गरी २० प्रतिशतले हुन आउने रकम रु. ७७६६०।०० संघीय सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने र वितरणको भरपाइ पेश गर्नुपर्ने रु.

| क्र.सं. | सामग्रीको नाम | संख्या |
|---|---|---|
| १ | उषा स्वीङ मेसिन इन्डष्ट्रियल | २२ |
| २ | स्वीङ मेसिन स्टाण्ड एण्ड टेबल | २२ |

| प्रमाण पेश नगरेको | ३,८८,३०० |
|---|---|

५३ **सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (संशोधन २०७७ समेत) बमोजिम फुसको छानो भएका विपन्न परिवारलाई प्रथम किस्तामा जस्ता काठपात लगायत सामग्री खरिदका लागि ६० प्रतिशतले रु. ३०,००० र सोको कार्य सम्पन्न पछि ४० प्रतिशतले हुने रु. २०,००० गरी प्रयाप्त आधार तथा प्रमाण समेतबाट जम्मा रु. ५०,००० अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष अन्तिम किस्ताको जम्मा रु. ५,४०,००० रकम लाभग्राहीसँगको सम्झौता अनुसार ४० प्रतिशतको दरले हुने रु. २०,००० वडा नं. १ देखि ८ सम्मका २७ जना लाभग्राहीको बैङ्क खातामा निकासा दिएपनि सम्बन्धित लाभग्राहीले जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित वडाको सिफारिस पेश भएको पाइएन । यसरी कार्यविधिमा भएको व्यवस्थाको पालना गरी पालिकाले प्रयाप्त आधार तथा प्रमाण लिई कार्यक्रम प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप-नियम ३ (क) (बाह्रौं शंसोधन) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख भन्दा माथिको काम गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट रु. २० लाख भन्दा माथिको गरेपनि अनिवार्य बीमा गरेको पाइएन । अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री जनता उच्च मा.वि., गिद्दा बेलापटीमा होस्टेल ब्लक भवन निर्माण उ.स. | १,०५,१९,४३०.०४ | १,००,००,००० | |
| २. | श्री जनता उच्च मा.वि., गिद्दा बेलापटीमा ल्याब भवन निर्माण उ.स. | २९,९९,१२१.०७ | २९,८८,७३१.५१ | |
| ३. | श्री जनता उच्च मा.वि., गिद्दा बेलापट्टि सरस्वति मन्दिर निर्माण उ.स. | २९,९९,६५७.१८ | २९,८९,६४१ | |
| ४. | श्री जनता उच्च मा.वि., गिद्दा बेलापट्टिमा अधुरो क्यान्टिन तथा ट्वाइलेट भवन निर्माण | ३३,९९,५९८ | २८,८२,३७७ | |
| | | | सैद्धान्तिक बेरुजु | |

५५ **होस्टेल ब्लक निर्माणः** पालिकाले श्री जनता उच्च माध्यमिक विद्यालय, गिद्दा बेलापट्टिमा रु. १ करोड को अनुदान दिने गरी होस्टेल ब्लक निर्माण उपभोक्ता समितिसँग सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गराउँदा निम्नानुसार कैफियत रहयोः

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्तासँग सम्झौता गरी निर्माण वा अन्य कार्य गराउँदा भ्याट, कन्टिन्जेन्सी, ओभरहेड तथा श्रमदान गरी रु. १ करोडभित्रको लागत अनुमान तयार पारी कार्य सम्पन्न गराउनु पर्नेमा पालिकाले होस्टेल ब्लक निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी लागत अनुमान तयार गर्दा भ्याट, श्रमदान तथा कन्टिजेन्सी सहित रु. १,२५,४४,८०१.८८ को हुने गरी तयार गरी रु. १,००,००,००० विद्यालयको खातामा भुक्तानी वा निकासा गरेको छ,
- उक्त होस्टेल निर्माण कार्य रु. १ करोड नाघेको उपभोक्ता समिति भित्रको हो,
- उक्त कार्यको लागि कार्यपालिकाले निर्णय गरी ५० प्रतिशत वित्तिय समानीकरण अनुदान चालुबाट रु. ५० लाख भुक्तानी वा निकासा भएको उक्त कार्यको लागि वार्षिक कार्यक्रममा नराखी वित्तिय समानीकरण अनुदानबाट भुक्तानी वा निकासा गरेको रकम अनियमित देखिन्छ,
- कार्य सम्पन्न भएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय पेश भएको पाइएन,
- होस्टेल ब्लक भनी निर्माण भएको उक्त कार्यको स्थलगत निरीक्षण गर्दा अध्ययन अध्यापन गर्ने गराउने रहेको पाइयो,
- पालिकाको अनुगमन समितिको प्रतिवेदन पेश भएको पाइएन,
- उक्त निर्माण कार्यको लागि निकासा वा खर्च शीर्षक होस्टेल ब्लक निर्माण अनुदान हुनुपर्नेमा ल्याब

व्यस्थापन शीर्षकबाट निकासा वा खर्च भएको पाइयो,

| सैद्धान्तिक बेरुजु |
| --- |

५६ **उपभोक्ता समितिबाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष २६ वटा उपभोक्ता समिति मार्फत् काम गराई रु. २,७१,१३,११० भुक्तानी भएको देखिन्छ । सो मध्ये स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभी मेसीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) कुनै पनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन,

घ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

ङ) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको पाइएन,

च) कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

छ) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

ज) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको

गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ञ) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन । दर्ता बेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ट) कार्यालयले पेश गरेको लागत अनुमान एवम् प्राविधिक मूल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकोले लागत अनुमान स्वीकृती र समयमै कार्य भए नभएको सम्बन्धमा एकिन हुने आधार रहेन,

ठ) अधिकांश प्राविधिक मूल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राखु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **जटिल संरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन,औजार उपकरणहरुको आवश्यक नपर्ने,श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टङ्की,निर्माण,ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत्गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरण यसप्रकार रहेका छन् :

| **भौ.नं. र मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रु.** |
|---|---|---|---|
| पालिका पूँजीगत | | | |
| २७।०७९।७।३० | श्री जनता उच्च मा.वि., गिद्दा बेलापट्टि सरस्वति मन्दिर निर्माण | स्ट्रक्चर मन्दिर निर्माण | २९,८९,६४१ |
| ८७।०८०।३।२४ | श्री जनता उच्च मा.वि., गिद्दा बेलापट्टिमा अधुरो क्यान्टिन तथा ट्वाइलेट भवन निर्माण | स्ट्रक्चर समेतको निर्माण कार्य | २८,८२,३७७ |
| संघीय शसर्त पूँजीगत | | | |

| | | | |
|---|---|---|---|
| १०।०८०।३।१७ | श्री जनता उच्च मा.वि., गिद्दा बेलापटीमा होस्टेल ब्लक भवन निर्माण | स्ट्रक्चर भवन निर्माण | १,००,००,००० |
| | | | |
| प्रदेश शसर्त पूँजीगत | | | |
| २।०८०।३।२२ | श्री जनता उच्च मा.वि., गिद्दा बेलापटीमा ल्याब भवन निर्माण उ.स. | स्ट्रक्चर भवन निर्माण | ३०,००,००० |

अतः नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **जिन्सी दाखिलाः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७९।०८० मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूलाई पाम्समा स्पेशिफिकेशन सहितको दाखिला गरेको पाइएन । अतः कार्यालयले जिन्सी दाखिला गर्दा पाम्समा स्पेशिफिकेशन सहितको जिन्सी दाखिला गर्नु पर्दछ ।

| **भौ.नं.र मिति** | **समानको नाम** | **मूल्य** | **कैफियत** |
|---|---|---|---|
| २।०७९।६।१३ | स्कुटर थान १ | २,७८,९०० | आंशिक मात्र स्पेशिफिकेशन खुलाई पाम्समा जिन्सी दाखिला । |
| १६।०७९।७।३ | मोबाइल थान २० | ५,७९,००५ | आंशिक मात्र स्पेशिफिकेशन खुलाई पाम्समा जिन्सी दाखिला । |

सैद्धान्तिक बेरुजु

५९ **कोटेशनको कार्य:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम तथा नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नुपर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने, प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिस्पर्धी

मूल्यमा खरिद गर्नुपर्ने तथा एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नुपर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउपत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्वारा गरेको देखिन्छ । यसरी योजनाको प्रमाण सहितको अभिलेख राखेको देखिएन । साथै उक्त कार्यको ल्याब परीक्षण समेत गरेको देखिएन । यसरी एउटै प्रकृतिका कार्य फरक फरक लागत अनुमान तयार गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि २ प्रतिशतसम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउँदा करिब १० देखि ४० प्रतिशतसम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ । यसरी प्रतिस्पर्धा नगरी सोझै रु. ७०,०९,७०२.४२ कोटेशनद्वारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन। अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छनः

| **भौ.नं. र मिति** | **योजनाको विवरण** | **निर्माण व्यवसायी** | **भुक्तानी रु.** | **घटी प्रतिशत** |
|---|---|---|---|---|
| १४।०७९।७।२ | वडा नं. ६ को वडा कार्यालयमा वाउण्ड्रीवाल निर्माण | उमेश कन्स्ट्रक्सन | ७,६६,२३१ | ०.४४ |
| ३६।०७९।१२।१२ | वि.ओ.पी. महिनाथपुरमा मर्मत तथा कम्पाउण्ड घेरावेरा | सलहेश निर्माण सेवा | ७,७९,७६० | ०.७८ |
| ३८।०७९।१२।२१ | रा.प्रा.वि. मुडिबाको बाउण्ड्री वाल र शौचालय फिनिसिङ्ग र खाल्टोमा माटो पुर्ने | मरिता बिल्डर्स प्रा.लि. | ७,८३,१७० | ०.५७ |
| ३९।०८०।१।१४ | सिमा प्रहरी चौकी दुहबीमा भवन निर्माण | बजरंग जनशक्ति निर्माण | ९,९२,७५१ | ०.७० |
| ६०।०८०।३।२१ | मस्जिददेखि मोस्लिम घरहुँदै मस्जिदसम्म पी.सी.सी. ढलान | मुकेश बिल्डर्स निर्माण सेवा | ७,८६,५५७ | ०.६६ |
| ७९।०८०।३।२३ | विनय मण्डलको घरदेखि कारी मण्डल घरसम्म पी.सी.सी. ढलान | माँ जानकी निर्माण सेवा | ६,८३,३७९ | ०.५० |
| ९८।०८०।३।२४ | झिझा टोलको बिभिन्न सडकमा | रंजय कन्स्ट्रक्सन | ७,९१,८९४ | ०.५२ |

| | | | | |
|---|---|---|---|---|
| | पि.सी.सी.ढलान | प्रा.लि. | | |
| १०७।०८०।३।२४ | पी.सी.सी.ढलान कार्य | कमल निर्माण सेवा | ६,८१,७८६ | १.७७ |
| ११३।०८०।३।२४ | राम जानकी मन्दिरको कम्पाउण्ड वाल, भवन मर्मत र शौचालय निर्माण | लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन प्रा.लि. | ७,४४,१७४.४२ | ०.६४ |
| जम्मा | | | ७०,०९,७०२.४२ | |
| | | सैद्धान्तिक बेरुजु | | |

